**भारतीय राजदूतावास**

**काठमाडौं**

***

<u>प्रेस विज्ञप्ति</u>

## भारतद्वारा धादिङ जिल्लामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण

'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. ८८.२ लाख आर्थिक सहयोगमा धादिङ जिल्लाको गल्छी गाउँपालिकामा निर्माण गरिएको महेशफाँट सिंचाइ परियोजनाको आज गल्छी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडा र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री प्रशान्त कुमार सोनाले उद्घाटन गर्नुभयो । उक्त कार्यक्रममा राजनीतिक पार्टीका प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी तथा स्थानीय समुदायका सदस्यहरुको उपस्थिति रहेको थियो ।

२. भारत सरकारको अनुदान सहयोग महेशफाँट सिंचाइ परियोजनाको कार्यान्वयनमा उपयोग गरिएको थियो । भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो । गल्छी गाउँपालिका, धादिङमार्फत यो परियोजनाको कार्यान्वयन गरिएको हो । यस परियोजनाले बाली उत्पादन वृद्धि गर्दै स्थानीय किसानहरुको जीविका र आर्थिक अवस्था सुधार गर्न मद्दत गर्नेछ ।

३. सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएका छन् र ४८८ वटा परियोजना सम्पन्न भइसकेका छन् । यी मध्ये बाग्मती प्रदेशमा विभिन्न क्षेत्रमा १०६ वटा परियोजना रहेका छन् जसमा ५ वटा परियोजना धादिङमा छन् । यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ जसमध्ये बाग्मती प्रदेशलाई २३२ वटा एम्बुलेन्स र ९० वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । यसमा १५ वटा एम्बुलेन्स र २ वटा स्कुल बस धादिङ जिल्लालाई उपलब्ध गराइएको छ ।

७. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्र विशेष गरी नेपालको सिंचाइ र खानेपानी व्यवस्थापन क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

*****

काठमाडौं, नेपाल

२०८० माघ १५